नेपाल सरकार

मेलम्ची खानेपानी बिकास समिति

नयाँ बानेश्वर, काठमाण्डौको

प्रेस बिज्ञप्ति

यस मेलम्ची खानेपानी बिकास समिति एशियाली बिकास वैक समेतको सहयोगमा सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नदीबाट करिव २६ कि.मी. लामो सुरुङ्गबाट पानी पथान्तरण गरी काठमाण्डौ उपत्यकामा स्वच्छ खानेपानीको आपूर्ति गर्न क्रियाशील रहेको छ । आयोजनाको सुरुङ्ग तथा वाँध निर्माण कार्यको लागि ईटालीको Cooperativa Muratori & Cementisti C.M.C. di Ravenna सँग मिति २०७० साल असार ३१ गते (July 15, 2013) गते ठेक्का सम्झौता भई काम भई रहेकोमा बिनासकारी भूकम्प तथा केहि समय दक्षिणी नाकाहरुमा आएको अवरोधका कारण आयोजना सम्पन्न गर्ने अवधि सन् २०१८ मार्च २६ सम्म कायम भएको छ । साथै सुन्दरीजलमा जाइकाको सहयोगमा ८.५ करोड लिटर क्षमताको पानी प्रशोधन केन्द्र निर्माण करिव सम्पन्न भई सकेको छ भने अर्को प्रशोधन केन्द्रको निर्माण कार्य पनि तिव्र रुपमा भई रहेको छ । यस आयोजनाको मिति २०७४।४।२० गतेसम्ममा २५.३५ कि.मी सुरुङ्ग निर्माण भई २.२३४ कि.मी. सुरुङ्ग खन्ने कार्य बाँकी रहेको छ । आयोजनाको तर्फबाट वाँकी रहेको कार्य यथासक्य चाडो सम्पन्न गर्न प्रयास भईरहेको छ ।

यसै क्रममा सुरुङ्ग निर्माण ब्यवसायी CMC di Ravenna संग काम गर्न सम्झौता गरेको मेघाटेक लगायतका स्थानीय निर्माण ब्यबसायीहरु, सामान आपूर्तिकर्ताहरु तथा स्थानीय कामदारहरुले कम्पनीसंग गरेको सम्झौता/समझदारी अनुसार रकम नपाएको भनी मिति २०७४।४।२० गते देखि आयोजनाको काममा बाधा पर्ने गरी तालावन्दी गरेको कारण आयोजनाको काममा वाधा पर्न गएको छ । यसरी नै यही बिषयलाई लिएर बिभिन्न मिडियाहरु तथा सामाजिक सन्जालहरुमा ठेकेदार कम्पनीले आयोजना, नेपाल सरकार र एशियाली बिकास वैकलाई प्रभावमा पारेर अनियमितता गरेको, कामको गुणस्तर कायम नगरेको भनी प्रकाशित सामाग्रीहरु प्रति यस समितिको ध्यानाकर्षण भएको छ । सुरुङ्ग निर्माणको सम्झौता अनुसार यस समिति र CMC di Ravenna बिच भएको सम्झौतामा उल्लेखित शर्त अनुसार Quality Assurance Plan मा उल्लेखित प्रावधान बमोजिम गुणस्तर कायम गरी काम भई सो को अनुगमन तथा निरीक्षण यस आयोजनाको डिजाइन तथा सुपरभिजन परामर्शदाता कम्पनी EPTISA बाट भई रहेको छ । तोकिएको समयमा काम सम्पन्न गर्ने र गुणस्तर कायम गर्ने जिम्मेवारी सम्झौतामा उल्लेखित सवै पक्षको भएकोले गुणस्तरमा कुनै सम्झौता गरी वा प्रभावमा परी काम नगरेको ब्यहोरा सरोकारवाला सवैमा हार्दिक आग्रह गर्न चाहन्छौं । साथै समितिबाट सत्य तथ्य नवुझी यस आयोजना, नेपाल सरकारका सम्वद्ध निकायहरु, एशियाली

बिकास वैक तथा परामर्शदाताहरु प्रति अनास्था जगाउने प्रकृतिका सामाग्रीहरु सम्प्रेषण नगर्न स्थानीय निर्माण ब्यवसायीहरु तथा सम्पुर्ण मिडियाहरुलाई समेत हार्दिक अनुरोध गर्दछौ ।

यस समिति र निर्माण ब्यवसायी CMC Di Ravenna बीच भएको सम्झौता अनुसार निजले पाउनुपर्ने रकम उक्त सुरुङ्ग निर्माण कम्पनीलाई समयमै भुत्तानी गरिएको एवं उक्त निर्माण ब्यवसायी र निजले सम्झौता/समझदारी गरी काम लगाइएका Sub Contractors एव आपुर्तिकर्ताहरुको रकम भुक्तानी लगायतका बिषयहरु उक्त निर्माण ब्यवसायीले नै गर्नुपर्ने दायित्व भएकोले आयोजनाको कार्यमा सम्लग्न नेपाली निर्माण ब्यवसायीहरु, सामान आपुर्तिकर्ताहरु तथा कामदाहरुका भुत्तानी लगायतका समस्याहरु अविलम्व समाधान गरी आयोजनाको काममा तिव्रता ल्याउन यस समितिले 19 Feb 2017, 3 March 2017, 21 March 2017, 15 May 2017, र 11 June 2017 मा लिखित रुपमा डिजाइन तथा सुपरभिजन परामर्शदाता कम्पनी EPTISA मार्फत निर्माण ब्यवसायी CMC di Ravenna लाई पटक पटक निर्देशन दिइएको साथै मिति २०७४ श्रावण २२ गते समितिको कार्यालयमा वोलाई स्थानीय निर्माण ब्यवसायीका समस्याहरु अविलम्व समाधान गर्न लिखित निर्देशन दिई समस्या समाधान गर्न अथक प्रयास गरिरहेको हुदा सरोकारवाला पक्षहरुलाई निर्माण ब्यवसायीसंग भएको सम्झौता अनुसार दुवैपक्ष बसी आपसी सहमतिमा बिबाद समाधान खोज्न र सार्वजनिक रुपमा जिम्मेवार भई सत्य तथ्य सूचना मात्र प्रवाह गर्न अनुरोध गर्दछौ ।

समितिले आयोजना सम्पन्न गर्न भएको सम्झौता बमोजिम मुख्य ठेकेदारलाई नियमानुसार दिनुपर्ने रनिङ्ग बिलहरु लगायत कुनैपनि भुत्तानी बाँकी नरहेको, भुत्तानीमा कुनै ढिलासुस्ती नगरिएको र सुरुङ्ग निर्माणका कतिपय कामहरु गर्न नै बाँकी रहेको, गुणस्तरका सम्वन्धमा परामर्शदाता कम्पनी तथा आयोजना ब्यवस्थापन सजग रहेको हुदा बिभिन्न मिडियाहरुमा प्रकाशित सामाग्रीहरुमा आयोजना पुर्ण रुपमा सचेत रहेको ब्यहोरा सरोकारवाला सवैमा जानकारीको लागि अनुरोध गर्दछौ । साथै यस आयोजनालाई छिटो भन्दा छिटो सम्पन्न गर्ने कार्यमा समितिलाई सवैबाट प्राप्त भईरहेको सहयोगको लागि हार्दिक धन्यबाद सहित आगामी दिनमा समेत सहयोगको निरन्तरताको लागि अनुरोध गर्दछौ ।

कार्यकारी निर्देशक
मिति २०७४।४।२३